नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ०५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६०

# नबन्ने नै भयो त तिलावे पुल ?

प्रस, वीरगंज, ४ कात्तिक/

हुलाकी राजमार्ग अन्तर्गत वीरगंज ठोरी सडकखण्डभित्र पर्ने तिलावे पुल निर्माणमा ठेकेदारले चासो नदेखाउँदा जिम्मेवार व्यक्ति लुम्बिनी बिल्डर्सका प्रतिनिधि सम्पर्कमा नआएपछि ७ दिन भित्र लिखित जवाफको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको कार्यालयका मन्त्रीस्तरीय निर्णय अनुसार पुनः म्याद थप्ने कि तोड्ने विषयमा पटकपटक पत्राचार गरेपनि कम्पनिका प्रतिनिधिहरू सम्पर्कमा नआएको मण्डलको भनाइ छ।

गर्दै भौतिक प्रगति ६७ प्रतिशत भएको पनि छ।

ठोरी–वीरगंज हुलाकी सडकका अधिकांश पुल निर्माण भइसकेका छन्।


नयाँ तिलावे पुल निर्माण क्रममा पिलर ठड्याउँदै तथा पुरानो जीर्ण तिलावे पुलमा सधैंजसो लाग्ने सवारीजाम। तस्वीरः फाइल/प्रतीक

निर्माण कार्य अवरुद्ध हुने सङ्केत देखिएको छ।

योजना हेर्ने निकाय सडक विभाग हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, वीरगजले सार्वजनिक सूचना प्रकाशित गर्दै निर्माण कम्पनीसँग 'किन ठेक्का नतोडने' सूचना प्रकाशित गरेपछि पर्सावासीका लागि चिन्ताको विषय बनेको छ।

सडक विभागले ठेकेदार कम्पनी पप्पु/लुम्बिनी बिर्ल्डसलाई म्याद थप गर्न पटकपटक पत्रचार गरेपनि अहिलेसम्म सूचना अधिकारी इ. दुर्गा मण्डलले जानकारी गराए।

शुरूमा पप्पुले निर्माण कार्य गरेको तर उनले काम गर्ने तदारुकता नदेखाएपछि कम्पनीका साझेदार संस्था लुम्बिनी बिल्डर्सले कार्य आरम्भ गरेको थियो।

पुलको भौतिक प्रगति ७६ प्रतिशत तथा वित्तीय भुक्तानी ६५ प्रतिशत भएको कार्यालयका इ. मण्डलले बताए। ठेक्काको अन्तिक म्याद २०७८/०५/६ सम्म रहेकोमा नेपाल सरकारको

२०७२/२/२५ गते ठेकेदार कम्पनीले तिलावे पुल निर्माणका लागि रु ७ करोड ७१ लाख ७३ हजार ७५० मा ठेक्का सकार गरेको थियो। पुल निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम समय २०७५/२/२४ गते थियो।

पटकपटक म्याद थप्दै ६ वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न भएको छैन। ठेकेदार कम्पनीले सोही बेलादेखि आलटाल गर्दै विभिन्न बहाना बनाउँदै गर्‍यो।

गत वर्षदेखि तीव्रताका साथ काम गत आर्थिक वर्षमा बिरे खोला, घट्टे खोला, घले खोलामा पुल निर्माण भइसकेको मण्डलले बताए। सो सडक खण्ड अन्तर्गत सबै पुल निर्माण भइसकेको तर तिलावे र गङ्गोल नदीको पुल आजसम्म अधकल्चो छ।

गङ्गोल नदीको पुलको पुनः डिजाइन गरी ठेक्का दिने तयारीमा छ। सो नदीको पुल निर्माणमा भूमिगत पानीले अपठ्यारो बनाएपछि शुरू ठेक्दारले ठेक्का तोडेको र चालू आर्थिक वर्षभित्र पुनः डिजाइन गरिएको इ. मण्डलको भनाइ छ।

# जनमत पार्टीद्वारा ढल व्यवस्थापनका प्रमुखमाथि दुर्व्यवहार

प्रस, जनकपुरधाम, ४ कात्तिक/

डा. सिके राउतको नेतृत्वमा रहेको जनमत पार्टीका कार्यकर्ताले बिहीवार जनकपुरधामस्थित खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका निमित्त प्रमुखलाई हिलो दलेर पैदल मार्च गराएका छन्।

लाठी र बाँसको भाटासहित खानेपानी तथा ढल व्यवस्थापन कार्यालय पुगेका पार्टीका कार्यकर्ताले उक्त कार्यालयका निमित्त प्रमुख जागेश्वर कुशवाहालाई कार्यकक्षबाटै नियन्त्रणमा लिएर दुर्व्यवहार गर्दै पैदल मार्च गराएका हुन्। उनीहरूले कार्यालयदेखि जनकपुरधाम पटक प्रदर्शन गर्दै आएका थिए। खनिएको खाल्डो त्यसै छाडिएको छ। निर्माण अघि नबढाएको विषयमा उपमहानगरपालिका र खानेपानी तथा ढल निकास कार्यालयले एक अर्कालाई दोष दिने गर्दै आएका नियन्त्रणमा लिएपछि सो पार्टीका नेता कार्याकर्ताहरू ठूलो सङ्ख्यामा जिल्ला प्रहरी कार्यालय अगाडि धर्ना दिएका थिए। साँझसम्म धर्ना जारी रहे पनि पक्राउ परेकाहरूलाई प्रहरीले मुक्त गरेको


तस्वीर सौजन्यः खड्ग रावत

उपमहानगरपालिकासम्म प्रमुख कुशवाहालाई अर्धनग्न अवस्थामा पैदल हिंडाएका थिए।

कुशवाहाको शरीरमा हिलो दल्दै जनमतका कार्याकर्ताले उनको सर्टसमेत च्यातेर अर्धनग्न बनाएका थिए। जनकपुरधाममा जथाभावी सडक खनेको महीनौं बितिसक्दा पनि निर्माण नगरेको भन्दै जनमत पार्टीका कार्यकर्ताले पटक–छन्।

कार्यालय प्रमुख कुशवाहालाई दुर्व्यवहार गरेको अभियोगमा जिल्ला प्रहरी कार्यालय धनुषाले १० जनालाई नियन्त्रणमा लिएको छ। आफ्नो दश जनाभन्दा बढी कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको जनमत पार्टीको केन्द्रीय सचिवालयले जनाएको छ।

पार्टी कार्याकर्तालाई प्रहरीले छैन। जनमत पार्टीले भने जनहितविपरीत काम गरेकाले पटक–पटक सचेत गर्दै चेतावनीपछि जनकारबाई गरेको जनाएको छ। आफ्नो पार्टीको कारबाईमा नगरवासीको साथ रहेको उक्त पार्टीको दाबी छ। पक्राउ परेकाहरूलाई रिहाइ र भ्रष्टाचारीलाई कारबाई नगरे`अझ सशक्त कार्याक्रम घोषणा गरिने सो पार्टीले चेतावनी दिएको छ।


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

चाडपर्व हाम्रा सांस्कृतिक पहिचान ।
मद्यपान र जुवातास विकृतिका मुहान ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# असमान दरको तलबमानबाट विद्यालय कर्मचारी हताश

प्रस, सेढवा, ४ कात्तिक/

सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको तलब स्थानीय तहमैं फरक पर्दा सरोकारवाला निराश भएका छन्।

सङ्घीय सरकारले ल्याएको चालू आर्थिक वर्षको बजेट अनुसार विद्यालयका बालविकासका सहयोगी कार्यकर्ता तथा परिचरको तलब १५ हजार रुपियाँ कायम गरे पनि पर्साका अधिकांश स्थानीय तहका विद्यालयका कर्मचारीहरूले सो अनुसार तलब नपाएको गुनासो गरेका छन्।

बजेट अनुसार सङ्घीय सरकारले प्रत्येक कर्मचारीका लागि आठ हजार र बाँकी सात हजार स्थानीय सरकारले व्यवस्थापन गर्नुपर्ने हो, जुन पर्साको १४ वटा स्थानीय तहमध्ये वीरगंज महानगरपालिका र जीराभवानी गाउँपालिकाले मात्र तोकेबमोजिम तलब दिएका छन्।

पटेर्वासुगौली र छिपहरमाई गाउँपालिकाले विद्यालय कर्मचारीलाई मासिक आठ हजार रुपियाँ मात्र तलब दिएका छन्। यीबाहेक थप दुई पालिकाहरूले तिहार अगाडि बाँकी सात हजार रुपियाँ दिने जनाएका छन्।

सखुवापरसौनी गाउँपालिकाले पनि कर्मचारीको तलब ८ हजारका दरले मात्रै दिएको त्यहाँका कर्मचारीहरूले गुनासो गरेका छन्। बाकी रकम दिने–नदिने कुनै सूचना नआउँदा कर्मचारीहरू चिन्तामा परेका छन्।

तलब–भत्ता भुक्तानी दिन नसकेको ठोरी, जगरनाथपुर, कालिकामाई, पकहा मैनपुर गाउँपालिका तथा पोखरिया र पर्सागढी नगरपालिकाका विद्यालय कर्मचारीहरू कुन दरको तलब निकासा हुने हो भन्ने चिन्तामा छन्।

शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले सरकारले तोकेबमोजिम विद्यालय कर्मचारीलाई तलब नदिए आन्दोलन गर्ने जनाएका छन्।

यस सम्बन्धमा शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादवले शिक्षक तथा कर्मचारी हक हित संरक्षणका लागि स्थानीय तहमैं महासङ्घ रहेको बताए। पालिकास्तरीय महासङ्घले शिक्षक तथा कर्मचारीहरूको हकहित संरक्षण गर्न नसके जिल्ला स्तरबाट सहयोग गर्ने अध्यक्ष यादवले बताएका छन्।

# भ्रष्टाचारलाई निरुत्साहित गर्न हरेक कदम चालिने –प्रजिअ शाही

प्रस, रौतहट, ४ कात्तिक/

जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले भ्रष्टाचार निरुत्साहित गर्न हरेक कदम चालिने बताएका छन्।

जिप्रका रौतहटद्वारा आयोजित पत्रकार सम्मेलनमा नवागन्तुक प्रजिअ शाहीले सो कुरा बताएका हुन्। भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्रलगायत निकायले कार्य गर्दै आएको बताउँदै जिप्रका पनि भूमिका निर्वाह गर्न पछाडि नपर्ने उनले बताए।

स्थानीय निकायको चुनाव नजीकिँदै गरेकोले स्थानीय जनप्रतिनिधि भ्रष्टाचारमा लिप्त हुन सक्ने सर्वत्र चर्चा रहेकोप्रति सजग र सचेत रहने बताए। केन्द्र, प्रदेश र आन्तरिक आयको सूचना माग गरी सत्यतथ्य जनमानस प्रवाह गर्न सञ्चारकर्मीहरूलाई उनले सुझाव दिए।

जिप्रकाको आन्तरिक सुधारका पहल थालेको प्रजिअ शाहीले बताए। आउँदो दिनमा जिप्रकामा सुधार हुने उनले प्रतिबद्धता जनाएका थिए।

सो अवसरमा जिल्लाको गतिविधिबारे सञ्चारकर्मीहरूले सुझाव तथा सल्लाह दिएका थिए।

# तलब नपाएपछि कर्मचारी गैरहाजिर

प्रस, वीरगंज,४ कात्तिक/

पर्सा, पोखरिया नगरपालिकामा कार्यरत कमर्चाचारीहरूले दशैंजस्तो मर्कामा पर्ने गरेका छन्।

जनप्रतिनिधि तथा कर्मचाहरीहरूको भागबण्डा नमिल्दा नगर परिषद् सम्पन्न


पोखरिया नगरपालिकाको कार्यालय। तस्वीरः प्रतीक

चाडमा तलब नपाउँदा काम गर्न मानेका छैनन्। अहिले सो कार्यालयमा अधिकांश कर्मचारी नआउने सेवाग्राहीहरूले जनाएका छन्।

कर्मचारीहरू नआउँदा सेवाग्राही भएपछि कर्मचारीहरूले तलब पाएका छैनन्। यस विपषयमा नगरपालिकाका प्रशासन अधिकृत संदिप साहसित बुझ्दा भरखरै चाडबाड बितेकोले कोही नआएको बताए।

## विचारसार र सूक्तिहरू

**इमानदारी निकै महँगो सोख हो, सबैले धान्न सक्दैनन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# अकल्पनीय विपत्ति

**"हट्यो सारा हिलो मैलो, हरायो पानीको वर्षा, भवानीको भयो पूजा, चल्यो आनन्दको चर्चा" कवि लेखनाथ पौड्यालको 'दशैं' शीर्षक कवितामा उल्लिखित यी हरफहरू यस पालि मिथ्या साबित भयो । वर्षा, हुरी–बतास, चटचाङ अनि गर्मी र जाडोसमेत नहुने मौसम चयन गरेर हाम्रा पूर्वजले दशैं मनाउन थालेका हुन् । दशैंताका मनसुन समाप्त भइसक्ने हुँदा कवि घिमिरेले उक्त कवितामा मनसुनबारे चर्चा गरेका हुन् । यस बेला किसानले कृषिकर्म सकाएर हिउँदे बाली लगाउनु अघिको केही फुर्सदको समय पनि हो । अन्यायमाथि न्यायको जितको प्रतीकको रूपमा गरिने दुर्गा भवानीको पूजा 'दशैं' लाई पूर्वीय समाजका हरेक कृषकहरूले कृषिकर्ममा आफ्नो विजयोत्सवको रूपमा मनाउने गरेका छन् । यस वर्ष कवि घिमिरेको कवितामा जस्तो हिलो–मैलो हटेन र किसानले विजय उत्सव मनाउन पनि पाएनन् ।**

**बितेको वर्षभन्दा यस वर्ष कोरोना महामारीबाट केही राहत मिलेकोले दशैं राम्रैसँग मनाउने प्रायःको चाहना थियो । तर त्यो चाहनामा बेमौसमी मनसुनले तुषारापात गरिदियो । दशैं अवधिमा पनि मौसम सफा भएन । असार/साउनको झरीलाई मात गर्नेगरी वर्षा भयो । 'अब मनसुन सकियो' भन्ने मौसम विभागको घोषणालाई पनि बदर गर्दै मौसमले वितण्डा मचायो । वर्षात्को कारण बाढी–पहिरो र हिलोले गर्दा यात्रुहरू निर्धक्क हुन पाएनन् । पर्वको उत्तरार्धमा झन् यसले गति तीव्र बनायो र तीन दिनको अवधिमा धनजनको ठूलो क्षति गऱ्यो । बाढी, पहिरोका कारण दशैंपछि विहीवारसम्म सयजनाभन्दा बढीले ज्यान गुमाए । ३० जना भन्दा बढी बेपत्ता छन् । सयौंको सङ्ख्यामा घाइते छन् । हजारौं किसानको धानबाली डुबानमा पऱ्यो । कैयौं परिवार घरबारविहीन बने । दशैं अभि भित्र्याउनुपर्ने धान वर्षातको कारण काट्न र भित्र्याउन विलम्ब भयो । पाकेको, तर काट्न बाँकी र काटेर पनि खेत–खलिहानमा रहेका धानका बाला डुबानका कारण उम्रिए अनि कुहिए । सम्म फाँटमा सुन फलाएर उमङ्गले फुरुङ्ग हुनुपर्ने किसानहरू धानबालीमा लगाएको लगानीसमेत डुब्दा निराश, हताश एवं विचलित बनेका छन् । दशैंताका पनि मनसुनले यस्तो विपत्ति निम्त्याउँछ भन्ने कुरा कसैले कल्पनासमेत गरेको थिएन । नसोचेको कुरा हुन गयो ।**

**वर्तमान दैवी विपत्तिको सामना गर्न न सरकार तयार थियो, न सर्वसाधरण नै । मनसुन सकिसकेकोले ढुक्क भएर बस्ने बेला थियो । सोही कारण पूर्वतयारी नहुँदा पनि धन जनको बढी क्षति भएको हो । पूर्वाभास भइदिएको भए किसानले पाकेको धान बाली कुनै न कुनै उपाय लगाएर बचाउने थिए । खेतका गराहरूमा काटेको धान पसारो नपारी, काट्नेबित्तिकै सुरक्षित गर्ने थिए । बोटमा पाकेका धानहरू पनि केही कम वर्षा भएको बेला, दुईचार दिन पहिले नै भित्र्याइन्थ्यो । मौसम सफा होला र फुर्सदमा भित्र्याउँला भनेर कुर्दाकुर्दै झन् ठूलो वर्षाले धानखेतलाई पोखरीमा परिणत गरिदियो । दैवी विपत्तिमा परेर ज्यान गुमाएकाहरूको परिवारजनलाई र घरबार गुमाएलाई सरकारले राहत दिने घोषणा गरेको छ । उनीहरूलाई त्यसले केही मात्र भए पनि राहत मिल्नेछ । वर्षभरि जिउने माध्यम, खेतिबाली गुमाएकाहरू यति बेला ठूलो मानसिक तनावमा छन् । उनीहरूलाई पनि सरकारले तत्काल राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्नु जरूरी छ ।**

# श्री गुरु रामदासजी महाराज



जसपाल सिंह

सन्दर्भ
प्रकाशोत्सव
जन्म-जयन्ती

गुरु रामदासजी सिक्ख पन्थका चौथो गुरु हुन् । श्री गुरु रामदासजी महाराजको जन्म कार्तिक वदी २, वि.सं. १५९१ (२४ सेप्टेम्बर १५३४) का दिन, लाहौर शहरमा चुनामण्डी इलाकामा भएको थियो । माता दयाकौर तथा पिता श्री हरिदासजी सोढी थिए । त्यस समय हिन्दुस्तानमा शेरशाह सूरीको राज्य थियो । रामदासजी सानै भएको बेला पिता हरिदासजीको भयो । यिनको बाल काँधमा घर परिवारको जिम्मेवारी आइलाग्यो । यिनको घरको नाम भाइ जेठा थियो । केही समय मामाघरमा बसी गोइन्दवाल गाउँ आए । त्यहाँ आजीविकाका लागि



चना बेच्न थाले तथा बचेको बढीभन्दा बढी समय गुरुघरको सेवा गर्न थाले ।

एकपल्ट चना बेच्दा रामदासजी गुरुमहलको तलबाट जाँदै गर्दा तेस्रो गुरु श्री अमरदासजी महाराज पत्नी मनसा देवीजीसित बसेर छोरी भानीजीको विवाह बारे विचार विमर्श गर्दै थिए । माताजीले गुरु रामदास जीतिर इशारा गर्दै भनिन्– यस्तै युवक भए उपयुक्त हुनेछ । तब गुरु अमरदासजीले भने, यिनीसँगै विवाह गरिदिउँ । वि.सं. १६१३ मा भाइ जेठाजीको शुभविवाह बीबी भानीजीसित भयो । भानीजी पिता गुरु अमरदासजीको धेरै सेवा गर्थिन् । सद्गुरुजीले भाइ जेठा लाई 'रामदासजी' नाम दिएर गुरुगद्दी बकस दिए तथा यिनलाई श्रीगुरु रामदास सोढी पातशाह (गुरु साहेबानको मर्यादा उपाधि) बनाइदिए ।

तेस्रो गुरु अमरदासजी महाराजले सुल्तान विंड तथा तुंगग्रामका जमींदारहरूको जग्गा किनेर गुरु रामदासजीको हातबाट यस नगरको जग आषाढ ५ वि.सं. १६२६ मा राख्न लगाएर सबै जातिका मानिस बोलाएर बसाउने कार्य शुरू गरे । यस पवित्र नगरीमा हरेक साना–ठूला धनी–गरीबलाई सोढी पातशाहको तर्फबाट पूर्ण सत्कार दिइन्थ्यो । यस नगरको नाम रामदासपुर राखियो । यसैलाई रामदास चक्क पनि भनिन्थ्यो । वि.सं. १६३३ मा जब अकबर बादशाह दर्शन गर्न आए तब उसले तुंग एवं सुलतानविंड ग्रामको केही थप जग्गा चक्क गुरु रामदासजीको नाम गरिदिए, तथा कर–तिरो पनि मिन्हा गर्ने पट्टा लेखिदिए । केही बहुमूल्य हीरा–जवाहरात पनि भेट गरे तथा माथा टेकेर गए ।

गुरु रामदासजी महाराजका तीन पुत्र पृथ्वी चन्द्रजी, महादेवजी तथा अर्जुन देवजी थिए । पृथ्वी चन्द्रजी टर्रो स्वभावका थिए, महादेवजी सदा भजनमा लीन रहन्थे । अर्जुनदेवजी आफ्ना पिता गुरु रामदासजीको साथमा सधैं सेवामा सहकार्य गर्दथे । गुरु रामदासजी महाराजले आफ्नो नगरी रामदासपुर ( अमृतसरमा) सबै जातिका मानिस ल्याएर बसाएका थिए । वि. स. १६३८ मा अमृत सरोवरको सेवा शुरू भयो । पहिले यो एउटा सानो काँचो पोखरी थियो । गुरु रामदासजी महाराजले सरोवरको लागि यसै स्थानलाई छान्नु थियो, अमृतजल भएको कारण यसको नाम अमृतसर राखियो ।

एकपटक गुरु रामदासजी महाराज बारठ गाउँ गुरदासपुर जिल्लामा प्रथम सत्गुरु श्री नानकदेवजी महाराजका जेठा पुत्र बाबा श्री चन्द्रजी महाराज भएको स्थानमा पुगे उनलाई भने हामीले अमृतसर सरोवरको रचना गरेका छौं । तपाईं पनि कुनै बेला त्यहाँ पाल्नुस् तथा चक्क रामदासमा दर्शन दिनुस् । बाबाजी निम्तो पाएर अमृतसर आए । गुरुजीले धेरै आदर–सत्कार गरे ।



स्वर्ण मन्दिर (अमृतसर, भारत) । तस्वीर: लेखक

सूरज प्रकाश ग्रन्थमा (पन्थको मर्यादित तथा ऐतिहासिक ग्रन्थ) लेखेको छ कि उनको आपसमा अनेक प्रकारका वचन–विलास भयो ।

एकपल्ट गुरु रामदासजी महाराज लंगर सेवाको निरीक्षण गर्न आए । गुरुघरका सेवक भाइ हिन्दाल, जो लंगर (निश्शुल्क भोजन) को सेवा बडो श्रद्धा एवं प्रेमले गर्दथे, पीठो मुछिरहेका थिए । उनलाई आएको देखेर सत्कारसाथ उभिए र पीठोले लतपत हात पिठ्युँ पछाडि गरेर पाउमा नमन गरे । गुरु महाराजले एउटा सरोपा (शल कपडा तथा प्रसाद सम्मान तथा आशीर्वादको प्रतीक) बख्शीश दिए । जब भाइजीले उक्त कपडा शिरमा बेरे गुरु कृपाले भाइ हिन्दाललाई लोक परलोकको ज्ञान भयो ।

आदि ग्रन्थसाहेब श्री गुरुग्रन्थ साहेबमा गुरु रामदासजी महाराजद्वारा रचित जम्मा ६३८ शबद, २४६ पउडी, १३८ श्लोक, ३१ अष्टपदी तथा ८ वारां छन् ।

एकपल्ट बाबा आदमजी मालवाबाट पत्नीसहित गुरु दर्शनका लागि आए । केही समय गुरुघरमा सेवा गरे । एक दिन गुरुजी प्रसन्न भएर भने– गुरुघरका भण्डारहरू खुला छन् जे मनमा लाग्छ वरदान माग । बाबा आदमले भने– महाराज, हजूरले दिएको सबैथोक छ तर हामीलाई एउटा पुत्रको आशीष बकस होस् । गुरुजीले बाबा आदमलाई भने– तपाईंको कर्महरूमा पुत्र लेखेको छैन, तर तपाईंको सेवा–श्रद्धाले हामी धेरै खुशी छौं । यस कारण हामी कहाँ जुन चौथो पुत्र हुने थियो, सो पुत्र तपाईंलाई दिदैंछौं, उनी अब तपाईंको घरमा जन्मने छन् । उनको नाम भाइ भगतू राख्नू । यो सुनेर आदमजीले गुरुको पाउमा शिर निहुराएर नमन गरे र गुरुघरबाट खुशी हुँदै आफ्नो घर फर्के ।

एकपल्ट लाहौरदेखि कुनै नातेदार आएको बेला आफ्नो कान्छो सुपुत्र अर्जुनदेवजी लाई उनीसँग पठाइदिए तथा आदेश गरे हामीले बोलाएपछि मात्र फर्कनू ।

अर्जुनदेवजी गुरु रामदासजीबाट टाढिएको लगभग दुई वर्ष भयो, उनी निकै उदास रहन थाले किनकि उनको गुरुसाहेबसित अत्यधिक लगाव थियो । जेठा पुत्र पृथ्वीचन्द्रजी कडा स्वभावका थिए तथा महादेवजी आफ्नै रंगमा मस्त रहन्थे, अर्जुनदेवजी गुरुसाहेबजीका साथ गुरुघरको सेवामा सदा सहकार्य गर्दथे । यस कारण धेरै वैराग्यले भरिएर गुरु पितालाई पत्र लेखे ।

जब गुरुजीले अर्जुन देवजीको हृदयमा गुरुघरप्रति अपार लगन, श्रद्धा र प्रेम अनुभव गरे, तब उनलाई भाद्रपद, दूज १६३८ का दिन गुरुगद्दी प्रदान गरेर भाद्र सुदी तीजका दिन वि.सं. १६३८ मा ज्योति ज्योतमा समालीन भए ।

श्री गुरु रामदासजी ज्योतिलीन भए पश्चात् पञ्चम गुरु अर्जुन देवजीले एक सुन्दर नक्शाको अनुसार सचखण्ड श्री हरिमन्दिरसाहेबको रचना (सरोवरको) पोखरी एकदम बीचोबीच गरे । यसको जग प्रसिद्ध सूफी फकीर साईं मियाँ मीर द्वारा कार्तिक शुक्ल पञ्चमी, वि.सं. १६३५ मा राख्न लगाए । यसका चार द्वार चार वर्णलाई ध्यानमा राखेर बनाइयो । सुन्दर पुल तथा दर्शनी ड्योढी (मूलद्वार) सेवा कैयौं वर्ष चलिरह्यो । जहिले पनि कुनै यात्री दर्शन गर्न पुग्दथ्यो स्वस्फूर्त मुखबाट निस्कन्थ्यो–"डिठ्ठे सभे थाव नहीं तुध जेहिया" । अर्थात संसारको सबै तीर्थ स्थान देखें तर श्री हरिमन्दिरको शोभा सबभन्दा अलग छ । दर्शनी ड्योढी (मूलद्वार)को एकदम सन्मुख छैठौं पातशाह श्री हरिगोविन्दसाहेबजीले भक्तिका साथ शक्तिको मिश्रण गर्दै समयको चाल बुझेर श्री अकाल तख्तसाहेबको जग राखे, जहाँबाट धर्मयुद्धको लागि युद्ध लड्नेहरूका लागि अरदास (प्रार्थना) गरिन्थ्यो । जुन मर्यादा आजसम्म चलिआएको छ । यही स्थानमा छैठौं गुरु हरगोविन्दसाहेबले मीरी पीरीको दुई तलवार भिरेर अत्याचार तथा अत्याचारीको नाश गरे । उपरान्त महाराजा रणजीत सिंहको पालामा सचखण्ड स्वर्णमन्दिरसाहेब अमृतसरमा स्वर्ण सम्बन्धित सजावटको कामलाई पूर्णता दिइयो ।

अमृतसर, हरमन्दिरसाहेब, स्वर्ण मन्दिर पञ्जाब (भारत) संसारभरमा अद्भूत, फरक आकर्षक, आस्थाको दर्शनीय तथा श्रवणीय ऐतिहासिक एवं धार्मिकस्थल हो । यस पावन तथा पवित्र स्थलमा बाह्र महीना, चौबीसै घण्टा श्रृद्धालु, भक्तालु तथा पर्यटक, साधु सन्तहरूले भरिपूर्ण रहन्छ । गुरु साहेबहरूको इच्छा, चाहना तथा वरदान अनुसार यो विश्वको एउटा यस्तो आस्थाको थलो र केन्द्र बनेको छ, जसको वर्णन गर्ने शब्द नै छैन । भनिन्छ सरोवरको स्नानले कृपा, भक्ति र स्वास्थ्य मिल्छ, शरीर चङ्गा हुन्छ । त्यहाँको वातावरण र शबद–कीर्तनले आत्मा र मन दुवै चङ्गा हुन्छ । स्वर्ण मन्दिरसाहेब कहिले सुत्दैन । अमृत बेला हजुरको सवारी आएपछि, दरबार शुरू हुन्छ, त्यस पछि शबद–कीर्तन, पाठ, दर्शन भेट, आस्था भक्ति हरेक समय कडाह प्रसाद (हलुवा प्रसाद) शुद्ध घ्यूको चौबीसै घण्टा गुरुको लंगर, बस्नलाई सानादेखि आलीशान कोठाहरू, न्यूनतम शुल्कमा ठाउँ हेरेर (कहिलेकाहीं अग्रीम बुकिङ आवश्यक हुन्छ) पाइन्छ । राति हजुरको सवारी फिर्ती भए पनि चहलपहल रौनक मेला उस्तै सरसफाइ, दरबारभित्र सधैं मार्बलको पालिस, स्वच्छ जलले पखालिन्छ, सबै सुनका छत्रहरू तथा अन्य सुनका सामग्रीलाई टल्काइन्छ । नयाँ वस्त्र, ताजा फूल, अत्तरले सुगन्धित पारेर तयार गरिन्छ । गुरुद्वाराको शबद–कीर्तनलाई अति कर्णप्रिय मानिन्छ । आश्विन/कार्त्तिक महीना विशेष हुने गर्दछ । गुरु रामदासजी महाराजको जन्मोत्सव (प्रकाशोत्सव) तिथिको हिसाबले यसपालि २०७८ कात्तिक महीना (अक्टोबर २२ तारिख २०२१) ५ गते शुक्रवार परेको छ । सो उत्सव हप्तौं पहिलेदेखि व्यापकरूपमा मनाइन्छ । संसारको विभिन्न स्थानबाट लाखौंको सङ्ख्यामा श्रृद्धालुहरूको मेला लाग्ने गर्दछ । चहलपहल, रौनक, शबद कीर्तन, प्रवचन, धार्मिक गोष्ठी, स्नान, ध्यान तथा दिपावली, दियाबत्ती, मैन, बिजुलीको झलमल हुने गर्दछ । त्यो दृश्य हेर्न लायक हुन्छ ।

गुरु रामदासजी महाराज उमालेको चना बेचेर जीविकोपार्जन गर्ने तथा गुरु घरको सेवाटहल गर्थे, आज त्यही पवित्र स्थलमा प्रतिदिन १ लाख भक्तजनले आशीष पाउँछन् लंगर पाउँछन् । धन्य धन्य श्री गुरु रामदास ज्यू महाराज !

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## हामी कुरीतिको जन्जिरले जकडिएका छौं

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**दशैं सद्भाव र प्रेम आदानप्रदानको पर्व हो । यसमा सामाजिक सद्भाव सक्रिय हुनुपर्छ तर पैसा पो सक्रिय भइरहेको छ । यस्ता अनेक कुसंस्कार र कुरीतिहरू छन्, जसले नेपाली समाजलाई आर्थिक रूपमा समृद्ध हुन दिइरहेको छैन ।**

कुनै व्यक्तिलाई मन्दिरमा पस्न निषेध गरिन्छ। उक्त व्यक्ति मन्दिरमा बलपूर्वक प्रवेश गर्न खोज्दा उसलाई कुटीकुटी मारिन्छ । तथाकथित माथिल्लो जात भनिएकी युवतीसँग तल्लो जातको युवकले प्रेमविवाह गर्दा युवकको बीभत्स हत्या गरिन्छ। कुनै महिलामाथि 'बोक्सी' भएको आरोप लगाइन्छ। निर्घात कुटेर उसलाई मलमूत्र ख्वाइन्छ। त्यतिमात्र होइन, भीड तन्त्रले उक्त महिलालाई सजाय दिने भन्दै बोक्सी आरोपित महिलाको हत्यासमेत गरिदिन्छ । गतिलो दाइजो नल्याएको रिसको झोंकमा बर्सेनि कति युवतीले ज्यान गुमाउनुपर्छ, त्यसको लेखाजोखा स्थानीय सरकारसँग पनि छैन । हामी यस्ता कुरीतिका अनेक जन्जिरमा जकडिएका छौं । यी कुरीतिका जन्जिरहरूले हामीलाई आर्थिक समृद्धिको दिशातिर लम्कन दिइरहेको छैन । परिणामस्वरूप आर्थिक विकासको हाम्रो यात्रा कछुवा चालमा सीमित हुन पुगेको छ ।

तर हामी विश्वका धनी राष्ट्रहरू सरह धनी हुने सपना देख्छौं। अमेरिका, फ्रान्स, जर्मनी, ग्रेट ब्रिटेनजस्तो नेपालले आर्थिक समृद्धि प्राप्त गर्न नसकेकोमा हामी नेताहरूलाई गाली गर्छौं । दलहरूमाथि रिस पोख्छौं। देशको राजनीति भद्रगोल भयो भन्दै आक्रोशित हुन्छौं। सारा दोष अरूलाई दिएर आफूलाई निर्दोष मान्ने हाम्रो सामाजिक संस्कार जस्तो भइसकेको छ । तर देशमा जेजस्ता गतिविधिहरू भइरहेका छन, नेताहरूमा जेजस्तो विचलन आएको देखिएको छ, राष्ट्रिय राजनीति उठ्न नसक्नेगरी जसरी अनैतिकताको दलदलमा फस्न पुगेको छ, देश धनी होइन, झनै गरीब हुने जुन स्थिति देखिएको छ, त्यसका लागि हामी देशवासी नै जिम्मेवार हौं । राष्ट्रिय राजनीति र नेताहरूलाई दोष दिएर आफू उम्कन खोज्नु आफ्नो दायित्वबाट पन्छिन खोजेको हो । हाम्रो कुरीतिले हामीलाई यसरी थिचेको छ कि हामी उठ्न अझै पचासौं वर्ष लाग्न सक्छ । हामी यस्ता कुरीति समाप्त गर्नतिर लाग्नुको सट्टा त्यस्ता कुरीतिहरूलाई संरक्षण दिइरहेका छौं । त्यस्ता कुरीतिहरूको प्रवर्धन गरिरहेका छौं ।

हाम्रो वरिपरि रहेका अनेक त्यस्ता कुरीतिहरूमध्ये एकको यस आलेखमा चर्चा गरौं–

समाचारहरूमा उल्लेख भए अनुसार हालै सम्पन्न (२०७८ साल) दशैंमा नेपाल राष्ट्र बैंकले करीब ५० अर्ब बराबरको नयाँ नोट प्रचलनमा ल्यायो । यो नयाँ नोट दशैंको मुखमा बजारमा ल्याउन किन आवश्यक पऱ्यो ? यो नयाँ नोटको माग कसले गऱ्यो ? माग गर्नेले के प्रयोजनका लागि नयाँ नोटको माग गऱ्यो ? यी प्रश्नहरूको उत्तर ज्यादै सरल छ। यी प्रश्नहरूको उत्तर थाहा पाउन धेरै चिन्तन मनन गर्नै पर्दैन ।

दशैंमा नयाँ नोटको प्रयोग दक्षिणा दिन र लिनका लागि हुन्छ। अन्य धार्मिक विधि वा प्रयोजनबाहेक दशैंमा दक्षिणा लिनु र दिनु दुवै खराब पद्धति हो । कुरीति हो । अति खर्चिलो सामाजिक संस्कार हो। दक्षिणा लिने र दिने कार्यले समाजलाई अनेक विकृतितिर लान्छ । खासमा भन्ने हो भने सरकारले यसरी दशैंका लागि नै भनेर नयाँ नोट सटही गर्ने सुविधा दिनुहुँदैन । सरकारले नयाँ नोट सटही गर्ने सुविधा दिएर समाजमा कुरीति फैलाउन सहयोग पुऱ्याएको ठहर्छ। सरकारमा रहेका उच्च पदाधिकारी (मन्त्री, सचिव) हरूमा आर्थिक ज्ञानको अभावले गर्दा यस किसिमको कुरीतिले निरन्तरता पाएको हो । यो व्यवस्था (नेपाल राष्ट्र बैंकले नयाँ नोट सटही गर्न दिने) वर्षौंदेखि चल्दै आएको छ । यो व्यवस्था समाप्त गर्नुपर्छ। दशैंको लागि नै भनेर नयाँ नोट सटही गर्न दिने प्रथा समाप्त पार्नुपर्छ।

पुनः माथिको अङ्कमा जाऔं। दशैंमा ५० अर्ब बराबरको नयाँ नोट सटही हुनुले गत दशैंमा लगभग ५० अर्ब बराबर दक्षिणा लेनदेन भएको सङ्केत गर्छ। हुन पनि दशैंमा ठूलो सङ्ख्यामा मानिस दक्षिणा दाताका रूपमा देखिन्छन् भने सोही अनुसार प्राप्तकर्ताहरू पनि देखिन्छन्। दक्षिणाको रूपमा ज्यादै ठूलो रकम लेनदेन हुन्छ।

यहाँ विचारणीय कुरा के छ भने जोसँग राम्रो आम्दानी छ उसले त दक्षिणा दिन्छ तर जसको आम्दानी राम्रो छैन उसले कसरी आफूसँग टीका लगाउन आउनेहरूलाई दक्षिणा दिने ? यस्तो स्थितिमा कमजोर आर्थिक स्थिति हुनेले दक्षिणा दिनका लागि नै भनेर पनि ऋण लिनुपर्छ। र अर्कोतिर स्पष्ट छ, नेपाल गरीब राष्ट्र हो, जहाँ गरीबहरूको सङ्ख्या ठूलो छ । यसरी गरीबहरूको लागि दक्षिणा दिनुपर्ने स्थिति ऋणमा डुब्नु पर्ने बाध्यता हुन पुग्छ। र त्यसरी ऋणमा डुब्ने व्यक्ति कर्मचारी हो भने उसले घूस खाएर भए पनि आफूले लिएको ऋण चुक्ता गर्ने जोगाड गर्छ। घुमाउरो अर्थमा भन्ने हो भने सामाजिक संस्कार (दक्षिणा लिनेदिने) ले नै व्यक्तिहरूलाई घूस खान बाध्य पार्छ। यदि त्यस्तो व्यक्ति कर्मचारी होइन र बाध्यतामा परेको छ भने, उसले चोरी वा पाकेटमारी गर्न सक्छ।

अर्कोतिर केवल स्वार्थको राजनीतिमा लागेका प्रशासक (नेता) हरूले नयाँ नोट सटही गर्ने सुविधा दिएर समाजमा आर्थिक भ्रष्टाचार वृद्धि हुने आधारभूमि तयार पार्छन्।

दक्षिणाको महिमा यति मात्र सीमित रहँदैन । यसले कुन पक्षलाई र कुन किसिमले असर पार्छ त्यसबारे पनि चर्चा गरौं । दशैंमा मोटो दक्षिणा दिनेको हैसियत समाजमा राम्रो मान्ने गरिन्छ र उसले समाजमा इज्जत पनि बढी पाउँछ। यसैगरी कम दक्षिणा दिनेहरूको हैसियत राम्रो मानिंदैन र उसले समाजमा इज्जत पनि कम पाउँछ । यस्ता कुरा प्रकटतः देखिंदैन तर मानिसको कुरा गराइबाट यो तथ्य अनुभूत गर्न सकिन्छ । यो कारणले गर्दा पनि, राम्रो आर्थिक आम्दानी नहुनेले पनि, समाजमा आफ्नो हैसियत उच्च राख्न, दक्षिणा दिने प्रयोजनका लागि नै ऋण लिन्छ । अनावश्यकरूपमा कुनै ठोस आवश्कता नभएर पनि ऋणको भार बोक्न बाध्य हुन्छ । त्यसैले पनि भन्ने गरिएको हो 'आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई' ।

अब अर्को तथ्यतर्फ लागौं। समाचार (कान्तिपुर दैनिक–आश्विन २७, २०७८) मा उल्लेख भए अनुसार नेपाल राष्ट्र बैंकले प्रत्येक वर्ष करीब ३ अर्ब रुपियाँ नोट छपाइ, वितरण र व्यवस्थापनमा खर्च गर्छ। माथिको अङ्कले प्रस्ट पार्छ कि नयाँ नोट सटही गर्नका लागि नै राष्ट्रले ठूलो रकम खर्च गर्छ । पुराना, च्यातिएका, काम नलाग्ने नोट विस्थापित गर्न नयाँ नोट छाप्नु र प्रयोगमा ल्याउनु उचित हो, तर दशैंको लागि भनेर, कुरीति वृद्धि गर्नका लागि नयाँ नोट निष्कासन गर्नु र सटही सुविधा उपलब्ध गराउनु अनुचित हो । दशैंका लागि नै भनेर नयाँ नोट छाप्न र वितरण गर्न लाग्ने रकम राष्ट्रले अन्य विकास एवं निर्माणको कार्यमा खर्च गर्नु उचित हुन्छ र गर्नु पनि पर्छ।

दशैं सद्भाव र प्रेम आदानप्रदानको पर्व हो। यसमा सामाजिक सद्भाव सक्रिय हुनुपर्छ तर पैसा पो सक्रिय भइरहेको छ। यस्ता अनेक कुसंस्कार र कुरीतिहरू छन्, जसले नेपाली समाजलाई आर्थिक रूपमा समृद्ध हुन दिइरहेको छैन।

हाम्रो गरीबी र हाम्रो कुसंस्कार तथा कुरीतिहरूबीच गहिरो सम्बन्ध छ। यस तथ्यलाई माथि वर्णन गरिएका उदाहरणहरूले पुष्ट गर्ने पर्याप्त सङ्केत गरेका छन्।

देश केवल स्रोत र साधनको अभावमा गरीब हुने होइन। धन–सम्पत्ति र रुपियाँ, पैसाको अभावमा पनि गरीब हुने होइन। कुरीति र कुसंस्कारले कुनै पनि राष्ट्रलाई गरीब तुल्याउन ठूलो भूमिका खेलेको हुन्छ। उदाहरणको रूपमा हाम्रो नजीकको छिमेकी राष्ट्र अफगानिस्तानलाई नै लिन सकिन्छ । अफगानिस्तानमा तालिबानी पुनः सत्तामा आएदेखि तालिबानी नेताहरूले महिला शिक्षा निषेध गरेका छन्।

आर्थिक समृद्धि हासिल गर्न हामीले कुसंस्कार, कुरीति परित्याग गर्नुको विकल्प छैन।

## सिमरा मालपोत कार्यालयद्वारा तीन महीनामा रु १० करोड राजस्व सङ्कलन

प्रस, जीतपुर, ४ कात्तिक/

गत दुई महीनामा रु १० करोडको



तस्वीरः फाइल

राजस्व सङ्कलन गरी प्रदेश सरकार, स्थानीय सरकारलाई रकम बाँडफाँड गरिएको मालपोत कार्यालय सिमराका प्रमुख मालपोत अधिकृत हिमालय जीवी उपाध्यायले बताए।

प्राप्त विवरण अनुसार चालू आव २०७८–०७९ को साउन–भदौ–असोज महीनामा रु १० करोड ३२ लाख ४४ हजार ४ सय ७९ राजस्व सङ्कलन गरी प्रदेश सञ्चित कोषमा ४० प्रतिशतले रु ४ करोड ४२ लाख ३५ हजार ३२८, मुख्यमन्त्री स्वचछता अभियानमा १० प्रतिशतले रु १,०४,६२७६३, जीतपुरसिमरा उपमहानगरपालिकालाई ३२ प्रतिशतले रु ३ करोड २८ लाख ८४ हजार ७६८ निजगढ नगरपालिकालाई ९ प्रतिशतले रु ८९ लाख २ हजार ३२३, परवानीपुर गाउँपालिकालाई २ प्रतिशतले रु २३ लाख ७३ हजार ७२२, कलैयालाई एक प्रतिशतले रु ९ लाख ६० हजार ३२८ कार्यालयमा रहने, १ प्रतिशतले रु १० लाख र बेटी बचाऊ बेटी पढाऊ अभियानलाई, २ प्रतिशतले रु २३ लाख ९८ हजार २४६ बाँडफाँड गरिएको सो कार्यालयका लेखा अधिकृत तेजेन्द्र लम्सालले दिएको विवरणमा जनाइएको छ।

## नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो

काठमाडौं, ४ कात्तिक/

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ । शेयर कारोबार हुने साताको आज अन्तिम दिन नेप्से परिसूचक १४.७० अङ्कले ओरालो लागेर २५५६.९५ मा ओर्लेको छ । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.६५ अङ्कले घटेर

तस्वीरः फाइल





४८३.३९ मा ओर्लेको छ ।

नेप्सेको ओरालो यात्रासँगै कारोबार रकमसमेत खुम्चिएको छ । कुल २१६ कम्पनीको ६१ लाख ६ हजार ४५२ कित्ता शेयर रु दुई अर्ब ६३ करोड ५३ लाख ९० हजार ४६० मूल्यमा खरीद बिक्री भयो । आजको कारोबारपछि बजार पूँजीकरण रु ३५ खर्ब ७९ अर्ब ७८ करोड ५३ लाख ८० हजारको हाराहारीमा रहेको छ ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर उकालो लागेको छ भने ११ उपसमूहको शेयर ओरालो लागेको छ । अन्य २१.९१ र सामूहिक लगानी कोष ०.०६ अङ्कले बढेको छ । यस्तै बैंकिङ ७.०५, व्यापार ६७.४१, होटल तथा पर्यटन ५८.९, विकास बैंक ९४.४४, जलविद्युत् ४६.०५, वित्त ४६.३९, निर्जीवन बीमा २३.४६, उत्पादन १०५.४२, लघुवित्त १४.८४, जीवन बीमा १०५.२५ र लगानी ०.३७ अङ्कले घटेको छ ।

कारोबारका आधारमा सानिमा बैंक शीर्ष स्थानमा रहेको छ। सो बैंकको रु २७ करोड १२ लाख ९७ हजार ६०९ बराबरको कारोबार भयो। यस्तै माछापुच्छ्रे बैंक रु ११ करोड ५६ लाख १३ हजार ९६२, नबिल बैंक रु नौ करोड ६४ लाख १८ हजार ३७६, सिद्धार्थ बैंक रु आठ करोड एक लाख २० हजार ८५२ र युनाइटेड मोदी हाइड्रोपावर रु सात करोड ५४ लाख पाँच हजार ५९२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

यस्तै नेप्सेका अनुसार मेरो माइक्रोफाइनान्सको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भयो । त्यस्तै सिटिजन म्युचुअल फन्ड ५.२६, आइसिएफसी फाइनान्स ४.२१, सनराइज ब्ल्यू चिफ फन्ड ३.८१ र एनआइबिएल प्रगति फन्डका लगानीकर्ताले ३.७० प्रतिशतले कमाए ।

यसैगरी जोशी हाइड्रोपावर ५.८७, गुडविल फाइनान्स ५.०९, ग्रीन डेभलपमेन्ट बैंक ४.७४, रैराङ हाइड्रोपावर ४.२८ र शिवश्री हाइड्रोपावरका लगानीकर्ताले ४.२२ प्रतिशतले गुमाए ।

## आन्तरिक राजस्व कार्यालय सिमराद्वारा तीन महीनामा लक्ष्यभन्दा १४० प्रतिशत राजस्व सङ्कलन

प्रस, जीतपुर, ४ कात्तिक/

आन्तरिक राजस्व कार्यालय सिमरा, बाराले सरकारले निर्धारण गरेको लक्ष्यको १४० प्रतिशतले रु ३ अर्ब ११ करोड ६९ लाख ८६ हजार राजस्व सङ्कलन गरेको छ।

चालू आवको साउन–असोज तीन महीनामा एक लाख १२ हजार ९९१ व्यवसायी, बासिन्दा, करदाताहरूले रु ३ अर्ब ११ करोड ६९ लाख ८७ हजार राजस्व बुझाए। जसमा आयकर रु ३२ करोड ९० लाख ५१ हजार, घर बहाल कर रु १ करोड ७० लाख ८० हजार, ब्याज कर रु १ करोड ४८ हजार, मूल्य अभिवृद्धि कर रु ४० करोड ६० लाख ५७ हजार, अन्तःशुल्क रु १ अर्ब ७६ करोड ११ लाख ९४ हजार, स्वास्थ्य सेवा कर रु ५९ करोड ३५ लाख ४० हजार, शिक्षा कर रु १७ हजार गरी जम्मा रु ३ अर्ब ११ करोड ६९ लाख ८७ हजार राजस्व सङ्कलन गरिएको आन्तरिक राजस्व कार्यालय, सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले जानकारी गराए।

मुलुकभरिकै औद्योगिक प्रतिष्ठानहरूमध्ये सबैभन्दा बढी कर, राजस्व तिर्ने यस कार्यालय अन्तर्गत एक लाख करदाताहरूमध्ये सूर्य नेपाल प्रालि सिमरा हो र सूर्य नेपाल प्रालि सिमराले दैनिक करीब रु ३ करोडको दरले मासिक रु ८० देखि ९० करोड राजस्व दाखिला गरेको आन्तरिक राजस्व कार्यालय, सिमराका प्रमुख कर अधिकृत भण्डारीले बताए।





तस्वीरः फाइल

# आर्थिक समृद्धिका लागि बिचौलिया पद्धतिको अन्त्य

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**बिचौलियाबाट बच्ने हो भने कृषि उत्पाद सङ्कलन गर्ने, वितरण गर्ने, प्रशोधित सामग्री उत्पादन गर्ने, किसानलाई भुक्तानी दिने, प्रशोधित उत्पादनको यातायात, भण्डारण, उपभोक्तासम्म वितरण, उपभोक्ताबाट भुक्तानी सङ्ग्रहको सुनिश्चितता हुने प्रणाली विकसित गर्नुपर्छ ।**

प्रजातन्त्रको सबलीकरणमा देशको आर्थिक अवस्थाले प्रत्यक्ष प्रभाव पार्छ। आर्थिकरूपमा सम्पन्न राज्यमा प्रजातन्त्रको दिगोपनाको सम्भावना विपन्न राष्ट्रभन्दा बढी हुन्छ । आर्थिकरूपमा सबल नभए पनि प्रजातन्त्र स्थापना गर्न नसकिने होइन, यसको प्रत्यक्ष उदाहरण हामी आफैं पनि हौं । अविकसित देशमा बालिग मताधिकारका आधारमा गरिने आवधिक निर्वाचनलाई नै प्रजातन्त्रका रूपमा परिभाषित गरिन्छ। आवधिक निर्वाचन प्रजातन्त्र दिगो बनाउने एउटा साधन मात्र हो । आर्थिकरूपमा सबल नहुने राज्यमा प्रजातन्त्रका आधारभूत मान्यता प्रभावकारीरूपमा लागू हुन नसक्नुमा सामाजिक, आर्थिक र राजनीतिक कारण हुन्छ, जसलाई सम्बोधन गर्न नसक्दा प्रजातन्त्रका आधारभूत मान्यता भत्किन गई जनतामा प्रजातन्त्रप्रति नै वितृष्णा पैदा हुने सम्भावना बढ्दै जान्छ ।

आर्थिक समृद्धि अहिले हरेक नेता तथा राजनीतिक दलहरूको साझा एजेन्डा बनेको छ । तर नेपाली राजनीतिको वास्तविकता हेर्दा आर्थिक समृद्धिको यात्रा निकै चुनौतीपूर्ण देखिन्छ। किनकि अहिले मुलुकमा उत्पादन शून्यप्रायः स्थितिमा पुगेको छ भने कृषि, पर्यटन, उद्योगजस्ता आर्थिक समृद्धिका आधारहरू अस्तव्यस्त भइरहेका छन् । आर्थिक समृद्धिको अनिवार्य शर्त मानिने श्रम अहिले मुलुकभित्र र बाहिर अपमानित हुनुका साथै श्रमलाई व्यवस्थित र सही तरीकाले परिचालन गर्ने कुनै ठोस योजना सरकारसँग छैन। समृद्धिको मुख्य आधार तीव्र आर्थिक वृद्धि हो । यसका लागि राष्ट्रिय औद्योगिक पूँजी विकासमा राज्य र निजी क्षेत्रले प्रविधि, पूँजी र श्रमको उचित समायोजन गर्न सक्नुपर्छ। नेपालको अर्थ व्यवस्था सुदृढ पार्ने हो भने कृषिको यन्त्रीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्न जरूरी हुन्छ ।

हुनत नेपालको कृषि क्षेत्रमा बिचौलियाको बिगबिगी छ। कृषि क्षेत्रमा बिचौलियाको उपस्थिति न्यून पार्ने हो भने सबैभन्दा पहिले खेती प्रणाली र प्रविधिमा परिवर्तन गर्न सक्नुपर्दछ । यसका लागि देशभरि स्थानीय स्तरदेखि नै योजनाबद्ध हिसाबले खेती गर्ने योजना बनाउनुपर्छ। वास्तवमा बिचौलिया चलाख व्यवसायी हुन् । आफ्नो प्रतिभा, कडा मेहनत र सीपको कारण उनीहरू आफ्नो वरपर एउटा व्यावसायिक संस्कार बनाएका हुन्छन् र आफ्नो अस्तित्व एवं औचित्यका लागि सङ्घर्षरत हुन्छन् । पूँजीवादी अर्थ व्यवस्थामा नैतिकतापूर्वक काम गर्ने संस्कार बसाल्ने भनेका कुशल व्यवसायीहरू नै हुन् । उनीहरूले प्रत्येक वस्तुमा मूल्य सिर्जना गर्दछन्। निर्वाहमुखी अर्थतन्त्रमा जहाँ उत्पादन र उपभोग एउटै ठाउँमा हुन्छ, त्यहाँ बिचौलिया आवश्यक हुँदैन। बिचौलियाले किसानलाई उत्पादन गर्नका लागि र उत्पादन बेच्न मदत गर्छन्। बजारमा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्छन् र प्रशोधन उद्योगलाई नियमित कच्चा पदार्थ आपूर्ति गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

कहिलेकाहीं किसानले बिचौलियाविना आफ्नो उत्पादन सोझै प्रशोधन उद्योग वा उपभोक्तालाई बिक्री गर्न सक्छ तर बिचौलियाले जस्तै नियमित आपूर्ति गर्न सक्यो भने मात्र यसले काम गर्छ। कतिपय अवस्थामा ठूला किसान नै पछि गएर बिचौलियामा परिणत हुन्छन्। खेती पनि एउटा उद्योग हो, जसले प्रायःजसो कच्चा पदार्थ उत्पादन गर्दछ । किसानले धेरै मात्रामा कृषि उपज खुद्रा मूल्यमा र ठूलो सङ्ख्यामा बेच्न सम्भव छैन। बिचौलिया अधिकांश खेतीको पृष्ठभूमिबाट आउँछन् वा किसान आफैं हुन सक्छन्। यी किसान विभिन्न कृषि उत्पादन सङ्कलन गर्छन् र बजारमा बेच्छन् । जसले गर्दा ढुवानी लागतमा बचत हुन्छ । बिचौलियाले थोरथोरै मात्रामा, केजी वा क्विन्टलमा कृषि उत्पादन सङ्कलन गर्छ र ठूलो मात्रामा उद्योगमा बेच्छ। बिचौलियालाई नेपाली कृषिमा सधैं समस्याको रूपमा हेरिएको छ। तर उनीहरूको आवश्यकता कति छ भन्ने कुरा राम्ररी विश्लेषण नगरी बिचौलियाले किसान ठगेको राजनीतिक नारा बनाइन्छ । किसानले आफ्नो उत्पादन खुद्रा मूल्यमा धेरै उपभोक्तालाई बेचन सम्भव छैन । बिचौलियाले किसानलाई पहिले नै ऋण वा आवश्यक सामग्री उपलब्ध गराउँछ र छिटो भुक्तानी पनि गर्छ। सुपरमार्केटमा बिक्री हुने सामग्रीको प्याकेजिङ, ब्रान्डिङमा किसानले लगानी गर्न सक्दैन वा उसमा त्यो सीप हुँदैन। बजारमा सीमित प्रकारका उपज मात्र राखेर व्यवसाय गर्न सकिँदैन। होटल रेस्टुरामा आपूर्तिको मामिलामा बिचौलियाले २-३ महीना उधारोमा आपूर्ति गर्छ तर किसानलाई नगद तिर्छ। वर्षौंदेखि बिचौलिया प्रणालीले धेरै तह बनाएको छ । आपूर्ति शृङ्खला छोटो बनाउने अर्थात् बिचौलियाको तह घटाउने कुरा त्यति सहज भने पक्कै छैन। किनकि बिचौलिया यति बलिया छन् कि सरकारले यो प्रणाली तुरुन्त बन्द गर्दा उल्टै किसानलाई मर्का पर्छ ।

आफ्नो उत्पादन भण्डारण गर्न पूर्वाधारको कमीका कारण पनि किसान बिचौलियामाथि निर्भर हुने गर्दछ। साना किसानले आफ्नो उत्पादनको सही मूल्यको माग गर्न नसक्नु अर्को महत्त्वपूर्ण कारण हो । किसानको उत्पादनमा विशेषज्ञता हुन सक्छ तर बजारीकरणमा विशेषज्ञता नहुन सक्छ। जग्गाको खण्डीकरण हुनु, निरक्षरता र प्रविधिको प्रयोगमा कमी हुनु किसान बिचौलियामा निर्भर हुनुको अर्को प्रमुख कारण हो। साना किसान छरिएर रहेका कारण उनीहरूको नीतिगत मामिलामा एउटै आवाज छैन। उनीहरूको आवाजलाई कसैले सम्मान र कदर गर्दैन। तर जब ठूला किसानहरू सीधै उपभोक्तासम्म पुग्न खोज्छन्, त्यहाँ आफ्नै ब्रान्ड र सिल प्याकसँगै बजारमा प्रवेश गर्नुपर्छ। त्यो अवस्थामा थुप्रै कानूनी प्रावधान पूरा गर्नुपर्ने हुन्छ जुन झन्झटिलो र खर्चिलो पनि हुन्छ ।

नेपालको कृषि क्षेत्रमा बिचौलियाले किसान र बजारबीचको खाडल भर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। नेपालको ग्रामीण क्षेत्रमा जहाँ सडक-सञ्जाल पुगेको छैन, त्यहाँको उत्पादन बजारसम्म पुऱ्याउने काममा बिचौलियाले सहयोग गरेको छ । प्रतिस्पर्धी बजारमा थुप्रै बजारकर्ता हुनु आवश्यक छ। बिचौलिया कृषिका बजारकर्ता पनि हो । अर्थशास्त्रीहरू भन्छन्-सहकारीको माध्यमबाट बिचौलियाको प्रभुत्व भएको बजार समाप्त पार्न सकिन्छ। तर हामीले मुलुकमा अझैसम्म सहकारी प्रणालीमा बजार सञ्चालन भएको देख्न पाएका छैनौं। सहकारी प्रणाली राम्रो बिचौलिया प्रणाली हुन सक्छ तर सरकारले आवश्यक कानून, नीति तथा अनुमति प्रदान गर्नुपर्छ । कृषि गोदामहरू शहर नजीक नभएर किसानका खेतहरूको नजीकै उपलब्ध गराउनुपर्छ तब उत्पादन भण्डारण गर्न सकिन्छ र राम्रो बजार मूल्यका लागि पर्खन सकिन्छ। ठूला कृषि बजारमा समेत भण्डारण गृहको आवश्यक प्रबन्ध मिलाउनुपर्छ। सरकारले केही बजारस्थलको व्यवस्था गर्नुपर्छ । किसानका लागि कुनै शुल्क नलाग्नेगरी स्थान उपलब्ध गराउनुपर्छ । सरकारले विशेष उत्पादन पकेट क्षेत्रमा उत्पादन ढुवानी गर्ने साधनमा छुटको व्यवस्था गर्न सक्छ । नेपालका ठूला शहरमा हप्तामा एकपटक किसान हाटको व्यवस्था गर्नु अर्को उपाय हुन सक्छ । ठूला सुपरमार्केटहरूले ठूला उत्पादकबाट उत्पादन खरीद बिक्रीका लागि अनुबन्ध गर्न सक्छन् ।

राजनीतिक दल वा त्यसका नेतृत्वले किसानप्रति सहानुभूति प्रकट गरेर मात्र मदत पुग्दैन। किसानसँग लेनदेन गर्ने प्रणाली विकास गर्ने र सरकारले हरेक लेनदेनमा सम्मिलित व्यक्तिको नियमन गर्ने प्रणाली विकास गर्नुपर्छ। सो प्रणालीमा नचल्नेलाई कानूनी कारबाहीको दायरामा ल्याउनुपर्छ । बिचौलियालाई बजारीकरणको लाइसेन्स उपलब्ध गराउनुपर्छ र नाफाको नियम अथवा कमिशन दरको नियम बनाउनुपर्छ। बिचौलियाको नाफा कति प्रतिशत राख्ने भन्ने नियम बनाउनुपर्छ र नियमन गर्नुपर्छ। किसानलाई सङ्गठित गरेर समूह वा सहकारीमार्फत बाली भित्र्याउने बेला किसानसँग सम्झौता गरेर निश्चित मूल्यमा किनबेच गर्ने प्रणाली विकास गर्नुपर्छ । प्रशोधन उद्योगले किसान समूहसँग सीधै किनबेचको प्रबन्ध मिलाएमा खरीद गरेको मात्राको आधारमा सहुलियत दिने व्यवस्था गर्नुपर्छ। किसानलाई नगद कारोबार गर्न लगाउनुपर्छ । बिचौलियाले व्यक्तिगत लगानी गर्दा भोलि गएर किसानको उत्पादनमा अंकुश लगाउन सक्छन् । त्यसैले कृषि क्षेत्रमा बिचौलिया होइन, ठूला-ठूला कम्पनीलाई नियन्त्रण गर्नुपर्छ। यसका साथै सरकारले बिचौलियालाई यो क्षेत्रबाट विस्थापित गराउन डिजिटल प्रविधिको उपयोग सर्वसुलभ बनाउनुपर्छ। सबै कुरा इन्टरनेटमा उपलब्ध भएपछि बिचौलियाको एकाधिकार अन्त्य हुन्छ । जब शिक्षित युवा खेतीको हिस्सा बन्छ र कृषि व्यवसाय आफैं गर्छ, तब मात्र यस क्षेत्रबाट बिचौलिया पलायन हुन्छ ।

यसरी बिचौलियाबाट बच्ने हो भने किसानको खेतबाट उत्पादन सङ्कलन गर्ने, उपभोक्ता बजारमा वितरण गर्ने, प्रशोधित सामग्री उत्पादन गर्ने, किसानलाई भुक्तानी दिने, प्रशोधित उत्पादनको यातायात, भण्डारण, उपभोक्तासम्म वितरण, उपभोक्ताबाट भुक्तानी सङ्ग्रहको सुनिश्चितता हुने प्रणाली विकसित गर्नुपर्छ। त्यस्तै विदेशमा रहेका युवालाई देश फर्काउने योजनासहितका कार्यक्रमहरू सरकारका तर्फबाट शीघ्र सञ्चालनमा ल्याउन नसक्ने हो भने हामीले अपेक्षा गरेको समृद्धि प्राप्त हुनै सक्दैन ।

# विपद्का बेला राजनीतिभन्दा माथि उठेर काम गर्न प्रधानमन्त्रीको आग्रह

सुदूरपश्चिम, ४ कात्तिक/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले प्राकृतिक विपत्तिका बेला राजनीतिभन्दा माथि उठेर पीडित जनताको उद्धार र राहतको काममा लाग्न नेपाली काङ्ग्रेसका कार्यकर्तालाई निर्देशन दिएका छन् ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै प्रम देउवा। तस्वीरः रासस

बिहीवार साँझ धनगढीमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै काङ्ग्रेस सभापतिसमेत रहेका देउवाले प्रदेशमा बाढीपहिरो र डुबान तथा नदी कटानको अवस्था गम्भीर देखिंदा आफू दुःखित भएको बताए ।

बाढी डुबान पहिराबाट सुदूरपश्चिमका अलावा देशका पूर्वी भेगका जनतासमेत पीडित बनेको उल्लेख गर्दै उनले भने, "बाढीपहिराबाट पीडितलाई राहत प्याकेज उपलब्ध गराउन मन्त्रिपरिषद्ले निर्णय गरेको छ, काठमाडौं पुगेपछि उपलब्ध गराइने राहतका बारेमा थप छलफल गरिने छ।"

प्रधानमन्त्री देउवाले प्राकृति प्रकोपबाट प्रभावित जनताले भोगेको दुःख मनन् गरेर सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । अहिले पनि कोरोनाका जोखिम नहटिसकाले यो रोगको रोकथाममा सचेत हुनुपर्ने उल्लेख गर्दै उनले भने, "नेपालले कोरोनाविरुद्धको खोप लगाउने काममा पाएको सफलताप्रति विश्व स्वास्थ्य सङ्गठनले सरकारको प्रशंसा गरेको छ ।" उनले जनतालाई कोरोनाविरुद्धको थप खोपको व्यवस्थापन भइरहेको पनि बताए। प्रदेशसभा नेपाली काङ्ग्रेस संसदीय दलका नेता डा रणबहादुर रावलले विपत्तिको बेला जनतालाई व्यवस्थित र सही ढङ्गले राहत उपलब्ध गराउनुपर्ने बताए । उनले कर्णाली नदीमा आएको बाढीको वितण्डाले तटबन्धन भत्काइ टीकापुर नगरपालिका र जानकी गाउँपालिका क्षेत्र नराम्रोसँग प्रभावित भएको भन्दै गम्भीर हुन आग्रह गरेका थिए ।

कार्यक्रमका वक्ताले वर्षापछि कैलालीमा भएको डुबान तथा कटानको विकराल समस्याले किसानको हजारौं विगहामा लगाइएको धानबाली नष्ट भएको भन्दै पीडित किसानलाई नेपाल सरकारले उचित राहतको व्यवस्था गर्नुपर्ने माग गरेका थिए ।

प्रधानमन्त्री देउवा वर्षासँगै उत्पन्न बाढीपहिरो, डुबान, नदी कटानबाट डोटी, बझाङ, बैतडी, डडेलधुरा र कञ्चपुरमा भएको क्षतिको निरीक्षण अवलोकन गरी साँझ धनगढी पुगेका थिए । प्रधानमन्त्री नेतृत्वको टोलीमा अर्थमन्त्री जनार्दन शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, पूर्वमन्त्री एनपी साउद, रमेश लेखक, वीरबहादुर बलायरलगायत सहभागी थिए ।







लगातार दुई/तीन दिनदेखि परेको अत्यधिक वर्षाका कारण भिजेको धानलाई पानीबाट निकाल्दै किसान। तस्वीरः रासस




## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

## अन्तर्राष्ट्रिय समाचार

# इरानद्वारा राष्ट्रव्यापी वायुसेना अभ्यास शुरू

तेहरान, इरान, कात्तिक ४/एपी

इरानले बिहीवार देशभरि वायुसेनाको वार्षिक अभ्यास शुरू गरेको छ।


तस्वीरः एपी

सरकारी टेलिभिजनले जनाए अनुसार यो अभ्यास अघिल्लो हप्ता आयोजित सशस्त्र अभ्यासपछि आयोजित ठूलो सैन्य अभ्यास हो।

प्रतिवेदनमा दिइएको जानकारी अनुसार यस अभ्यासमा बमवर्षक लडाकू विमान, ड्रोन लेसर-निर्देशित मिसाइल सहित अन्य अत्याधुनिक हतियारहरूको प्रयोग गरी ड्रिलमा भाग लिइने छ।

सबै इरानी सैन्य हवाई अड्डाहरूले यस युद्धाभ्यासमा भाग लिनेछन्। बताइए अनुसार इरानसँग १२ वटा एयरबेस छ। प्रतिवेदनमा यो ड्रिल कति समयसम्म चल्छ, केही बताइएको छैन।

अघिल्लो हप्ता यहाँ आयोजित दुई दिने वार्षिक हवाई रक्षा अभ्यासमा सेना र अर्धसैनिक क्रान्तिकारी गार्ड दुवैले भाग लिएका थिए।

इरानले नियमितरूपमा यस्तो सैन्य अभ्यास गरेर आफ्नो सैन्य तत्परता र क्षमताको प्रदर्शन गर्ने गर्दछ। इरानको बढ्दो परमाणु र सैन्य शक्तिले यस क्षेत्रमा तनाव बढाउँदै लगेको छ।

तेहरानको सन् २०१५ को विश्व शक्तिहरूसँगको समझदारीलाई पुनर्जीवित गर्न भियनामा हुने भनिएको वार्ता गत जूनदेखि रोकिएको छ र त्यो समझदारी पुनः शुरू हुने कुनै मिति भने हालसम्म तय भएको छैन।

सन् २०१५ को परमाणु सम्झौताले तेहरानलाई आर्थिक प्रतिबन्ध हटाउने बदलामा युरेनियम संवर्द्धनलाई निकै सीमित बनाएको थियो।

सन् २०१८ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एकतर्फीरूपमा अमेरिकालाई उक्त सम्झौताबाट फिर्ता लिएपछि मध्यपूर्वमा तनाव बढायो र आक्रमणका अनेक शृङ्खला शुरू हुन थाले। रासस

# कोरोनाबाट बेलायतमा एकै दिन करीब ५० हजार जना सङ्क्रमित

लन्डन, ४ कात्तिक/एएफपी

बेलायतमा कोरोनाबाट एकै दिन करीब ५० हजारजना सङ्क्रमित भएका छन्। प्राप्त समाचार अनुसार गएको २४ घण्टा यतामात्र यहाँ थप ४९ हजार १३९ जना कोरोना सङ्क्रमित भएका छन्। यहाँ तीन महीनापछि पछिल्लो २४ घण्टामा यति धेरै सङ्ख्यामा सङ्क्रमित भेटिएका बताइएको छ। बुधवार यहाँ यति धेरै सङ्क्रमित भेटिएपछि बेलायतका अधिकारीहरूले कोरोना सङ्क्रमण घट्न नसकेको बताएका छन्। सोमवार पनि यहाँ ४९ हजारजना सङ्क्रमित देखिएको स्वास्थ्य अधिकारीहरूले जनाएका थिए।

यहाँ देखिएको यो सङ्ख्या महिनौंपछिको सबैभन्दा धेरै हो। पछिल्ला केही दिनमा सङ्क्रमण झन् बढेको पाइएको छ। अधिकारीहरूले बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या करीब ८५ लाख ८९ हजार पुगेको पनि जनाएका छन्।

स्वास्थ्य मन्त्रालयद्वारा बुधवार जारी वक्तव्यमा उल्लेख गरिए अनुसार पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १७९ जनाको निधन भएको छ। यो समेतगरी १ लाख ३९ हजारभन्दा धेरै मानिसको यो सङ्क्रमणबाट ज्यान गएको छ।

महिनौंपछि ठूलो सङ्ख्याका सङ्क्रमित पाइएको भन्दै प्रधानमन्त्री बोरिस जोन्सनले थप सतर्कताका लागि आग्रह गरेका छन्। स्वास्थ्य अधिकारीले धेरै समयपछि मृत्यु हुनेको सङ्ख्या पनि बढ्न थालेको बताएका छन्।

बेलायतका स्वास्थ्यसम्बन्धी अधिकारीहरूले यहाँको सरकारलाई बेलायतमा हिंडडूलमा कडाइ गर्न तथा अन्य सामाजिक गतिविधिहरूमा पनि प्रतिबन्ध लगाउन सुझाव दिएका छन्। रासस

# नयाँ सामाजिक सञ्जाल सञ्चालन गर्ने ट्रम्पको घोषणा

वाशिंगटन, ४ कात्तिक/एएफपी

अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ सामाजिक सञ्जाल सञ्चालनमा ल्याउने घोषणा गरेका छन्। बहुचर्चित सामाजिक सञ्जालहरू ट्वीटर र फेसबूकले उनको आधिकारिक एकाउन्ट हटाइदिएपछि उनले नयाँ सामाजिक सञ्जाल सञ्चालन गर्ने घोषणा गरेका हुन्।


अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्प। तस्वीरः फाइल

अमेरिकामा गत वर्ष भएको राष्ट्रपतीय निर्वाचनका बेला ट्रम्पले आफैं भ्रम फैलाएको, सामाजिक सद्भावमा असर पारेकोलगायत आरोप लगाउँदै ती सामाजिक सञ्जालहरूले उनको एकाउन्ट हटाइदिएका थिए। विषेश गरेर ट्रम्पका समर्थकहरूको भीड अमेरिकी संसद् भवनमा प्रवेश गरेको घटनापछि उनलाई ट्विटर र फेसबूकले आफ्ना सञ्जालबाट हटाएका थिए।

उनीहरूले हटाएपछि पूर्व राष्ट्रपति ट्रम्पले आफ्ना अपडेटहरू सार्वजनिक गर्न छुट्टै ब्लगजस्तै अनलाइन सञ्चालन गरेका थिए। तर त्यो पनि केही समयपछि बन्द भएको थियो। सन् २०२४ मा हुने राष्ट्रपतीय निर्वाचनमा पनि उम्मेदवारी दिने तयारीमा रहेका ट्रम्पले त्यसैलाई लक्षित गरेर नयाँ सामाजिक सञ्जाल सञ्चालन गर्न लागेको जनाइएको छ।

उनले सञ्चालन गर्न लागेको सामाजिक सञ्जालको नाम ट्रुथ सोसियल' राख्ने तय भइसकेको उनको सचिवालयले जनाएको छ। ट्रुथ सामाजिक सञ्जालको सञ्चालन ट्रम्प मिडिया एन्ड टेक्नोलोजी ग्रुप (टिएमटिजी)ले गर्ने भएको छ। ग्रुपको अध्यक्ष ट्रम्प आफैं हुन्। ट्रम्पले उक्त सामाजिक सञ्जाल प्रविधिसम्बन्धी ठूला कम्पनीहरूको अत्याचारविरुद्ध उभिने बताएका छन्। अहिले प्रभावशाली रहेका सामाजिक सञ्जालहरूले अमेरिकाका विद्रोही आवाजलाई स्थान नदिएको ट्रम्पको आरोप छ।

ट्रुथ सामाजिक सञ्जालमा भिडिओ प्रसारण सेवा पनि समावेश गरिने भएको छ। भिडिओ सेवामा समाचार, पडकास्टलगायत धेरै सुविधा उपलब्ध गराइने टिएमटिजीले जानकारी दिएको छ। सो सामाजिक सञ्जाल आगामी महीनादेखि केही आमन्त्रित प्रयोगकर्ताका लागि तयार हुनेछ भने सन् २०२२ को पहिलो तीन महीना अमेरिकामा मात्रै उपलब्ध हुनेछ। रासस


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


# बतढीपहिरोबाट मृत्यु हुने १०१ पुगे, ४१ बेपत्ता

काठमाडौं, ४ कात्तिक/रासस

पछिल्लो समय परेको भारी वर्षापछि आएको बाढीपहिरो र डुबानमा परी देशका विभिन्न जिल्लाका १०१ जनाको मृत्यु भएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार बाढीपहिरोमा परी प्रदेश-१ मा ६०, वाग्मतीमा एक, कर्णालीमा सात, सुदूरपश्चिममा ३१ र लुम्बिनी प्रदेशमा दुई गरी जम्मा १०१ जनाको मृत्यु भएको हो।


बेपत्ता युवाको खोजी गर्दै सशस्त्र प्रहरी बलका गोताखोर टोली। तस्वीरः रासस

प्रहरीले दिएको विवरण अनुसार प्रदेश-१ मा १९, कर्णालीमा ४ र सुदूरपश्चिममा १७ गरी ४० जना घाइते भएका छन्। घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

बाढीपहिरोमा परी प्रदेश-१ मा १३, प्रदेश-२ मा एक, लुम्बिनीमा तीन, कर्णालीमा एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी जम्मा ४१ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए।

बाढीका कारण जम्मा दुई हजार २३२ वटा घर डुबानमा परेका छन्। बाढी-पहिरोले ४९ घर, आठ गोठ, छ वटा पुल र तीनवटा सरकारी कार्यालयमा क्षति पुगेको जनाइएको छ। अहिलेसम्म १३९ पशु चौपाया मरेका छन्। उक्त अवधिमा विपद्का घटनाबाट एक हजार १७७ परिवार विस्थापित भएको छ।

साथै बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा सार्ने र पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा प्रहरीले गरिरहेको छ। विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य पनि जारी रहेको जनाइएको छ।

# पानी पार्ने प्रणाली बाहिरियो, मौसममा सुधार

काठमाडौं, ४ कात्तिक/रासस

नेपालमा पानी पार्ने प्रणाली पूर्वी भेगबाट बाहिरिएसँगै मुलुकभर मौसममा सुधार आएको छ। आज बिहानै काठमाडौं उपत्यकालगायत अधिकांश क्षेत्रमा घाम लागेको छ।

वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार अबको चार-पाँच दिनयता अर्को प्रणाली विकसित हुने देखिएको छैन। भारतको बिहारमा रहेको न्यून चापीय प्रणाली र पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावले असोज ३१ देखि कात्तिक ३ गतेसम्म भारी वर्षा गराएको थियो। हाल उक्त प्रणाली बाहिरिए पनि सामान्य प्रभाव भने नेपालमा रहेको छ।

"त्यस्ता प्रणालीले जलवाष्प र चिसो छाडेको हुन्छ, त्यसैले कतै बादल त कतै कुहिरो देखिन्छ"- पौडेलले रासससँग भने-"कतैकतै छिटपुट वर्षाको सम्भावना पनि रहन्छ।" त्यसले ठूलो प्रभाव भने नगर्ने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार हाल देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश १ र वाग्मती प्रदेशका एक वा दुई स्थानमा हल्का वर्षा भएको छ। देशभर आंशिकदेखि सामान्य बदली रहने छ। प्रदेश १, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा र बाँकी प्रदेशका एक वा दुई स्थानमा हल्का वर्षाको सम्भावना छ।

आज राति देशभर आंशिकदेखि सामान्य बदली रहने छ। प्रदेश १ र गण्डकी प्रदेशका थोरै स्थानमा र बाँकी प्रदेशका एक वा दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ।


भिजेको धानबारे जानकारी लिंदै कृषिका कर्मचारी र जनप्रतिनिधि। तस्वीरः रासस

उक्त प्रणाली असोज ३१ देखि विकसित भएको थियो। कात्तिक १ र २ गते नेपालको पश्चिम (कर्णाली र सुदूरपश्चिम) क्षेत्रमा भारी वर्षा गराएको थियो भने कात्तिक २ रातिदेखि बुधवार साँझसम्म त्यसभन्दा पूर्व क्षेत्र प्रदेश १, २, वाग्मती, गण्डकी प्रदेशमा वर्षा गराएको थियो।

बेमौसम (कात्तिक) मा परेको भारी वर्षाका कारण मुलुकका विभिन्न २० भन्दा बढी जिल्लामा जनधनको ठूलो क्षति गराएको छ। भौतिक संरचना तहसनहस पारेको छ भने भित्रिने बेलाको धानबालीमा समेत निकै क्षति पुगेको छ।

# स्रोत नखुलेको रु ८० लाखसहित एकजना पक्राउ

काठमाडौं, ४ कात्तिक/रासस

प्रहरीले स्रोत नखुलेको रु ८० लाखसहित एकजनालाई पक्राउ गरेको छ। प्रहरी प्रधान कार्यालयका अनुसार गए राति मध्यपुर थिमी नगरपालिका-१ लोकन्थलीबाट स्रोत नखुलेको रु ८० लाखसहित काठमाडौं कोटेश्वर बस्ने बागलुङ गल्कोट नगरपालिका-१० का ३६ वर्षीय चित्रबहादुर पुन मगरलाई गएराति पक्राउ गरेको छ।



लोकन्थली मनहरा आँखा अस्पताल नजीक हुण्डीको कारोबार भइरहेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त थिमीबाट खटेको प्रहरीले मगरलाई नियन्त्रणमा लिएको हो। उनको साथबाट बा ४९ प ८५६५ नंको स्कुटर र नगद रु ३० लाख बरामद गरिएको र अनुसन्धानको क्रममा उनको कोठा तलाशी गर्दा थप रु ५० लाख बरामद भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। उनलाई आवश्यक कारबाहीका लागि सम्पत्ति शुद्धिकरण विभाग ललितपुर पठाइएको प्रहरीले जनाएको छ।




**सडकको दुरअवस्था :** ५ अर्ब ६० करोडको लगानीमा वीरगंज-पथलैया ६ लेनको व्यापारिक मार्ग निर्माण कार्य सम्पन्न गर्न २०७३ सालमा २ वर्षको लागि ठेक्का दिएता पनि अहिले पनि सडक निर्माण कार्य पूरा भएको छैन । तस्वीर: पङ्कज श्रेष्ठ

# नवनियुक्त कार्यपालक पदाधिकारीद्वारा पदभार ग्रहण

प्रस, रक्सौल, ४ कात्तिक/

बिहार, रक्सौलमा बुचरखानाको जमीन खरीदमा अनियमितता भएको आरोपमा रक्सौल नगर परिषद्का कार्यपालक पदाधिकारी गौतम आनन्द निलम्बनमा परेपछि तत्कालका लागि डिसिएलआर रामदुलाररामलाई कार्यपालक पदमा नियुक्त गरिएको थियो ।

उक्त पदमा पूर्वी चम्पारणका जिल्ला दण्डाधिकारी (डिएम) कपिल शीर्षत अशोकले सतीश रञ्जनकालाई नियुक्त गरेका हुन् ।



रक्सौलका नवनियुक्त कार्यपालक पदाधिकारी सतीश रञ्जन (दायाँबाट तेस्रो) ।

नवनियुक्त रञ्जनले बुधवार आफ्नो पदभार ग्रहण गरे । उनले सक्रियता र इमानदारीपूर्वक कार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । उनी अनुमण्डलीय लोक शिकायत निवारण पदाधिकारी पनि हुन् । उनलाई डिएम अशोकले अतिरिक्त पदभारको साथ रक्सौल नगरपरिषद्मा पठाएको समाचारमा जनाइएको छ ।

# करेन्टलागेर मृत्यु

प्रस, पंचगावाँ, ४ कात्तिक/

पर्सागढी नगरपालिका-१ कोइलाभार निवासी २८ वर्षीय प्रेम श्रेष्ठको करेन्ट लागेर मृत्यु भएको छ ।

मृतक श्रेष्ठ बिहीवार दिउँसो १२ बजेको समयमा घर नजिकको नालामा माछा मार्न गएका थिए ।

नालामा माछा मार्ने क्रममा विद्युत तारमा सर्ट सर्किट भई उनी घाइते बनेका थिए ।

घाइते भएपछि उनलाई उपचारका लागि वीरगंज ल्याउने क्रममा बाटोमैं मृत्यु भएको परिवारजनले जनाएको छ ।

वर्षात् भएको बेलामा विद्युत पोल वा नाङ्गो रूपमा विद्युत प्रवाह भएको ठाउँ नजिक जान जोखिम पूर्ण हुन सक्ने विज्ञहरूको भनाई छ ।

# एसएसबीको सहयोगमा सिलाइकटाई तालीम

प्रस, रक्सौल, ४ कात्तिक/

रक्सौलस्थित एसएसबी ४७ औं




बटालियन रामगढवा पनटोकाले मानव संसाधन विकासको सहयोगमा आयोजित बीस दिवसीय सिलाइकटाई तालीम सम्पन्न गरेको छ ।

भारतीय प्रधानमन्त्रीको 'बेटी बचाऊ, बेटी पढाऊ' योजना अन्तर्गत भारतको स्वतन्त्रता दिवसको अमृत महोत्सवमा तालीमको आयोजना गरिएको बटालियन कमान्डेन्ट प्रियवर्त शर्माले बताए ।

प्रशिक्षणमा किरणदेवीले युवतीहरूलाई प्रशिक्षण दिंदै बुधवार सम्पन्न समापन कार्यक्रममा सहभागी युवती/महिलाहरूलाई प्रमाणपत्रका साथ उनीहरूको उज्ज्वल भविष्यको कामना गरेकी थिइन् ।

कार्यक्रममा एनेन्द्रमणि सिंह, देवेशकुमार पाण्डेलगायतको सहभागिता थियो ।

# पर्सागढीमा एमालेको वडा भेला सम्पन्न

प्रस, पर्सागढी, ४ कात्तिक/

पर्सागढी नगरपालिका-८ मा नेकपा




एमालेको वडा भेला सम्पन्न भएको छ । वडाको हरपुरमा सम्पन्न भेलाको मुख्य अतिथि पर्सा अध्यक्ष प्रभु हजराले साङ्गठनिकरूपमा एमाले हिजोभन्दा आज सशक्त र एक ढिक्का भएको बताए ।

नगर कमिटीका अध्यक्ष गोकर्ण विष्टको अध्यक्षतामा सम्पन्न भेलाले रामचन्द्र मण्डल अध्यक्ष रहनेगरी २१ सदस्यीय पार्टी वडा कमिटी गठन गरेको छ ।

त्यसैगरी रामबाबू दासको अध्यक्षतामा २१ सदस्यीय किसान महासङ्घ गठन भएको जिल्ला कमिटी सदस्य तथा कार्यक्रमका सहजकर्ता दिपेश नेपालले जानकारी गराए ।

सो अवसरमा एमाले जिल्ला कमिटी सदस्य सन्तोष पासवान, रामचन्द्र राम, जन निर्वाचित वडा अध्यक्षद्वय उद्धव उप्रेति, रामनारायण गौरो, नगर कमिटी सदस्य नन्दलाल राम, सिकेन्द्र प्रसाद, महमद तैयबलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।


## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न ।
- विपद् जोखिमको योजना बनाउन ।
- विविधतामा एकता कायम गर्न ।
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न ।
- वैवाहिक अवस्था पत्ता लगाउन ।
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदर को अवस्था थाहा पाउन ।
- अपाङ्गता भएका व्यक्तिको अवस्था जान्न ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# वर्षा र बाढीले घर भत्कँदा लाखौंको क्षति

प्रस, महोत्तरी, ४ कात्तिक/

लगातार वर्षा र बाढीले महोत्तरीमा दर्जनौं घर भत्काएको छ ।

जिल्लाको विभिन्न ठाउँका घर भत्केको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनाएको छ ।

जिल्लाको भङ्हा नगरपालिका-६ सङ्ग्रामपुरमा चारवटा घर भत्केको छ । स्थानीय मनोज यादव, रविदुखा यादव, मैतुन खातुन र रामएकबाल यादवको घर वर्षाका कारण भत्किएको हो ।

त्यसैगरी बलवा नगरपालिकामा पाँचवटा घर भत्केको छ । बलवा-७ मा राहुलकुमार झा, निरोदेवी मण्डल र नन्दा मुखियाको घर पूर्णरूपमा भत्केको प्रहरीले जनाएको छ । बलवा-३ मा रामचन्द्र यादवको गोठ घर, सञ्जीव यादवको गोठ घर पूर्णरूपमा भत्केको छ ।

जिल्लाको मनराशिस्वा नगरपालिका-३ बस्ने महिन्द्र महतोको २ कोठे कच्ची घर र मनराशिस्वा नगरपालिका-८ बस्ने जाहेरूल राइनको खरले छाएको दुई कोठे घर भत्केर पूर्णरूपमा क्षति भएको प्रहरीले जनाएको छ । उक्त घर भत्किंदा १२ लाख रुपियाँ भन्दा बढीको क्षति भएको महोत्तरी जिल्ला प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी गराएका छन् ।

# कमिटी गठन

प्रस, बिरुवागुठी, ४ कात्तिक/

पर्सागढी नगरपालिका-३ र ४ मा नेकपा समाजवादी पार्टीको वडा कमिटी गठन भएको छ ।

नेकपा समाजवादीका पोलिट ब्युरो सदस्य तथा पर्सा जिल्ला इन्चार्ज रामचन्द्र साहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कमिटी भएको थियो ।

# श्रीकृष्ण प्रणामी मन्दिरको शिलान्यास

राकेश यादव, रौतहट, ४ कात्तिक/

रौतहट, चन्द्रपुर नगरपालिका-८ सन्तपुरमा श्रीकृष्ण प्रणामी मन्दिरको




शिलान्यास भएको छ ।

सन्तपुरमा करीब १० करोडको लागतमा मन्दिर र सामुदायिक भवन निर्माण हुन लागेको हो ।

सेवा समिति नेपाल, केन्द्रीय समितिको आत्मीय आमन्त्रण र व्यवस्थापनमा करीब २ वर्षपछि नेपालमा नवनिर्मित कीर्तिपुर र दाप्चास्थित श्रीकृष्ण प्रणामी मन्दिरको कलश अनावरण र रौतहट सन्तपुरमा करीब १० करोडको लागतमा निर्माण हुन लागेको श्रीकृष्ण प्रणामी मन्दिर र सामुदायिक भवनको शिलान्यास साथै धार्मिक अनुष्ठानहरूमा सहभागी हुन केन्द्रीय मन्दिर श्री नवतनधाम र हालै सौन्दर्यीकरण सम्पन्न इमाडोल मन्दिर, कटुन्जे मन्दिर,काभ्रे मन्दिर र नवनिर्माण हुँदै गरेको सिमरा मन्दिरको निरीक्षण दर्शन र श्री नवतनधाममा आयोजना हुने शरद पूर्णिमामा सहभागी हुन श्रीकृष्ण प्रणामी धर्माचार्य जगद्गुरु अनन्त श्री विभूषित कृष्णमणि महाराजश्री आएका छन् ।

नेपालमा भएको कार्यक्रममा महाराजजी सन्तवृन्द, श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल र श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, बाइजुराज महिला समितिका केन्द्रीय पदाधिकारी साथै जिल्ला पदाधिकारीहरूको उपस्थिति थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# करेन्ट लागेर एकै परिवारका चारजना घाइते

प्रस, सप्तरी, ४ कात्तिक/

सप्तरीमा करेन्ट लागेर एकै परिवारका चारजना घाइते भएका छन् । राजविराज नगरपालिका-६ मा बिहीवार बिहान करेन्ट लाग्दा एकै परिवारका चारजना घाइते भएका हुन् ।

घाइते हुनेमा ४० वर्षीय शिवनारायण साह, उनकी पत्नी ३५ वर्षीया सन्तोषी साह, भाउजू ३८ वर्षीया राजकुमारी साह र १८ वर्षीय भतिजो रक्षित साह छन् ।

साहको घरको छतमा राखेको होडिङ बोर्ड हावाले खसालेर घर नजीकै ११ हजार भोल्टको विद्युतीय तारमा अडकेको थियो । उक्त होर्डिङ बोर्ड निकाल्ने क्रममा शिवनारायणलाई करेन्ट लागेपछि छुटाउन जाँदा उनकी पत्नी सन्तोषीलगायत भाउजू र भतिजोलाई पनि करेन्ट लागेको हो ।

करेन्ट लागेर गम्भीर घाइते चारैजनाको गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ ।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,